

# शेष

बिक्रीका लागि होइन ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# शेष



बिक्रीको लागि होइन ।

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**पाठ्यक्रम विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

प्रथम संस्करण : २०७५

बिक्रीका लागि होइन ।

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID) को सहयोगमा यो सामग्री प्रकाशन भएको हो। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिबिम्बित गर्दैनन्। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ।

# हाम्रो भनाइ

बालबालिकाको पठन सिप बढाउन, मानसिक र बौद्धिक विकासका साथै उनीहरूलाई मनोरञ्जन प्रदान गर्न सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । यस सन्दर्भ सामग्रीले बालबालिकालाई अध्ययनशील बनाउन एवम् पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा यस चित्र पुस्तकको लेखन उद्धवप्रसाद प्याकुरेल र चित्राङ्कन भावना तुलाचनबाट भएको हो । यस चित्र पुस्तकको सम्पादन रेणुका पाण्डे, पुरुषोत्तम घिमिरे, रजनी धिमाल, चिनाकुमारी निरौला र शाश्वत पराजुलीबाट भएको हो। पाठ्यक्रम विकास केन्द्रद्वारा तयार गरिएको यो सन्दर्भ सामग्रीलाई युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो । प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिए तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

बिक्रीका लागि होइन ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्तमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७५

**पाठ्यक्रम विकास केन्द्र**

प्रभा र प्रदीप लुकामारी खेल्दै थिए ।

"अब मेरो लुक्ने पालो ।" प्रदीपले भने ।



बिक्रीका लागि होइन ।

"ल ल तिमी लुक्न जाऊ !" प्रभा गन्ती गर्न लागिन् ।

प्रदीप बगैँचातिर लुक्न दौडिए ।



बिक्रीका लागि होइन ।

"भएन भएन, नाइँ म त मान्दिन !" प्रभाले गन्ती नसक्दै लुक्न गएका प्रदीप फर्किए ।

"किन के भयो र ?" प्रभाले सोधिन् ।

"हेर न मने पनि म सँगसँगै आयो क्या !" प्रदीपले भने ।



बिक्रीका लागि होइन ।

"ल ल, मनेलाई म समाउँछु तिमी लुक्न जाऊ ।"

प्रदीप लुक्न गए ।






बिक्रीका लागि होइन ।

सुन्तलाको बोटमुनि सिटाको थुप्रो थियो। सिटाको थुप्रो पछाडि सुन्तलाको फेदमा आड लागेर प्रदीप लुके।

गन्ती सकेपछि प्रभा प्रदीपलाई खोज्न हिँडिन्।



बिक्रीका लागि होइन ।



बिक्रीका लागि होइन

प्रदीप चुपचाप सुन्तलाको बोटमुनि लुकेका थिए। पाकेको सुन्तला फुत्त झर्‍यो र प्रदीपको ढाडमा लाग्यो।

प्रदीप “ऐया” भनेर कराए।

“मैले भेटेँ” प्रभाले भनिन्।

"मलाई किन हिर्काएको त ! नाइँ नाइँ म मान्दिन के !" प्रदीपले कुम नचाउँदै भने ।

"मैले तिमीलाई छोएको त छैन !" प्रभा प्रदीपको नजिकै पुगिन् ।



बिक्रीका लागि होइन ।

प्रदीपले छक्क पर्दै यताउति हेरे ।

भुइँमा सुन्तलाको गेडो लडिरहेको देखे । “आहा ! पाकेको सुन्तला झरेछ ।”



बिक्रीका लागि होइन

प्रदीपले भुइँको सुन्तला टिपे र हातमा लिए ।

“तिमीलाई त्यही सुन्तला झरेर लागेको हुनुपर्छ ।” प्रभाले भनिन् ।

“भाइ, अब आँगनमा जाऔँ। अनि बराबर भाग लगाएर खाउँ है !” प्रभाले भनिन् ।



बिक्रीका लागि होइन ।

दुवै जना आँगनमा गएर चकटीमा बसे ।

“ल, म सुन्तला छोडाउँछु है ।” प्रदीपले भने । दुवै जनाले मुख मिठ्याए ।

“अनि कसरी भाग लगाउने दिदी ?” प्रदीपले सोधे ।



बिक्रीका लागि होइन ।

"कति केस्रा रहेछ पहिला गनौँ । अनि भाग लगाउँला हुन्न त ?" प्रभाले भनिन् ।

दुवै जनाले मिलेर सुन्तला गने । सबै केस्रालाई एकै ठाउँमा राखे ।

"ल हेर त, दानामा एघार केस्रा सुन्तला रहेछ ।" प्रभाले भनिन् ।



बिक्रीका लागि होइन ।

"दिदी अब म भाग लगाउँछु है ? यो एउटा तिमीलाई, यो एउटा मलाई। दस केस्रा भाग लगाउँदा पाँच पाँच केस्रा भाग। एउटा बाँकी।" प्रदीपले भने।

"भाग लगाएर बाँकी बसेको शेष हो।" प्रभाले भनिन्।



बिक्रीका लागि होइन

"शेष कसले खाने ?" प्रदीपले भने ।

"शेष हामी दुईमा जो जेठो छ उसैले खाने ।" प्रभाले भनिन् ।

"हैन, जसको ढाडमा यो खसेको छ, उसैले खाने ।"

दुवै जना हाँस्दै सुन्तला खान लागे ।



बिक्रीका लागि होइन ।